

# आदिवासी जनजाति दृष्टिकोणमा जलवायु परिवर्तनसम्बन्धी नेपालको राष्ट्रिय निर्धारित योगदान

## (Nationally Determined Contributions—NDC)

अरूण राई, टुङ्ग राई

## परिचय

जलवायु परिवर्तन विश्वभरीकै एक गम्भीर समस्या हो । नेपाल जलवायु परिवर्तनको हिसाबले उच्च जोखिममा रहेको देश हो । यसको पछाडि धरातलीय विविधता, संवेदनशील पारस्थितिकीय प्रणाली जस्ता कारणहरू छन् । नेपालको जनसंख्याको ठूलो हिस्सा निर्वाहमुखी कृषिमा निर्भर छ । जलवायु परिवर्तनको असरस्वरूप कृषिजन्य उत्पादनमा ऱ्हास आउने, खाद्य असुरक्षा निम्तिने, जलस्रोतहरू सुक्दै जाने, वनजंगल तथा जैविक विविधता विनास हुने जस्ता जोखिमहरू रहन्छ । यी असरहरू पछिल्लो समयमा जताततै देखिँदै आएको पनि छ । अन्य समुदायहरूको तुलनामा जलवायु परिवर्तन हुनुमा सबैभन्दा न्यून भूमिका रहेको आदिवासी जनजाति समुदाय यस प्राकृतिक विपदबाट सबैभन्दा बढी आक्रान्त छ, र सबैभन्दा बढी जोखिम बहन गर्छ किन भने उनीहरूको जीवनपद्धति प्राकृतिक स्रोतसाधनहरूसँग अन्योन्याश्रित तवरले जोडिएको छ । जलवायु परिवर्तनले उनीहरूको जीवनलाई आर्थिक, सामाजिक, सांस्कृतिक र अध्यात्मिक पाटोहरूबाट गंभीर संकटमा पारेको छ ।

> पेरिस सम्झौतालाई जलवायु परिवर्तनविरुद्धको लडाईमा एक काषेढुङ्गाको रूपमा लिइन्छ । राष्ट्रिय निर्धारित योगदान दस्तावेज भनेको कुनै पनि मुलुकले पेरिस सम्झौताका लक्ष्यहरू हासिल गर्न आफ्नो तर्फबाट जनाएको राष्ट्रिय प्रतिबद्धता हो ।

यो प्रकाशन नेपालले हालै जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिको सचिवालयलाई बुझाएको राष्ट्रिय निर्धारित योगदान (Nationally Determined Contributions—NDC) मा आधारित छ । आदवासी जनाजतिको दृष्टिकोणमा उक्त दस्तावेज समग्रमा कस्तो छ, त्यसमा के कस्ता आदिवासी सरोकारका विषयहरू छुटेका छन् र नेपाल सरकारले जलवायु कार्यहरूमा आदवासी जनजातिको प्रभावकारी सहभागिता, बृहद् हितको लागि के कस्ता कार्यक्रमहरू उक्त दस्तावेजमा समावेश गर्नु जरूरी छ भन्नेबारेमा यो प्रकाशन केन्द्रित छ ।

## राष्ट्रिय निर्धारित योगदानको पृष्ठभूमि

सन् २०१६ मा फ्रान्सको राजधानी पेरिसमा आयोजना भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि (United Nations Framework Convention on Climate Change – UNFCCC) का पक्ष राष्ट्रहरूको १५औं सम्मेलनले एक महत्वपूर्ण सम्झौता अनुमोदन गऱ्यो । यस सम्झौतालाई पेरिस सम्झौता (Paris Agreement) को नामबाट चिनिन्छ । १९६ राष्ट्रहरूका प्रतिनिधिहरू



सम्मिलित उक्त भेलाले पारित गरेको यस सम्झौतालाई जलवायु परिवर्तनविरुद्धको लडाईंमा एक काषेढुङ्गाको रूपमा लिइन्छ। यस सम्झौताले विशेषतः निम्न तीन लक्ष्यहरू राखेको थियो :

- हरितगृह ग्यास उत्सर्जन कटौती गर्ने।
- विश्व तापमान बृद्धिलाई पूर्व-औद्यागिक तहको २ डिग्रि सेल्सियसभन्दा माथि जानबाट रोक्ने।
- सरदर तापमानलाई १.५ डिग्रि सेल्सियसभन्दा माथि बढ्न नदिने।

सम्झौताका यी लक्ष्यहरूलाई प्राप्त गर्न प्रत्येक मुलुकले जिम्मेवारी बहन गर्नुपर्ने भयो। तर प्रत्येक राष्ट्रको जिम्मेवारी वहन गर्ने क्षमता, स्रोतसाधनहरूको उपलब्धता, साथै राष्ट्रिय परिवेश फरक छ। त्यसैले प्रत्येक मुलुकले आ-आफ्नो सामर्थ्य र परिस्थितिअनुसार पेरिस सम्झौताका लक्ष्यहरू हासिल गर्ने दिशातर्फ आफ्ना राष्ट्रिय लक्ष्य र योगदानहरू आफैले निर्धारण गर्ने कुरामा सहमति भयो। यी लक्ष्यहरूलाई राष्ट्रिय निर्धारित योगदान (Nationally Determined Contributions—NDC) भनिन्छ। उक्त दस्तावेजमा प्रत्येक मुलुकले जलवायु परिवर्तनसँग लड्न आफूले गर्ने योगदानहरू र ती योगदानहरू कसरी प्राप्त हुन्छन् भन्ने योजनाको व्याख्या गर्दछन्। छोटकरीमा भन्नु

> **अन्य समुदायहरूको तुलनामा जलवायु परिवर्तन हुनुमा सबैभन्दा न्यून भूमिका रहेको आदिवासी जनजाति समुदाय यस मानव-सृजित प्राकृतिक विपदबाट सबैभन्दा बढी आक्रान्त छ, र सबैभन्दा बढी जोखिम बहन गर्छ।**

पर्दा, राष्ट्रिय निर्धारित योगदान दस्तावेज भनेको कुनै पनि मुलुकले पेरिस सम्झौताका लक्ष्यहरू हासिल गर्न आफ्नो तर्फबाट जनाएको राष्ट्रिय प्रतिबद्धता हो ।

सन् १९९४ देखि नै जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिको पक्ष राष्ट्र रहेको नेपालले पेरिस सम्झौताअनुरूप सन् २०१६ को फेब्रुअरीमा आफ्नो राष्ट्रिय निर्धारण योगदान दस्तावेज बुझायो। त्यसमा नेपाल सरकारले आफ्नो योजनामा जलवायु-उत्थानशील समाजको निर्माण गर्दै सामाजिक-आर्थिक उन्नती हासिल गर्ने समग्र लक्ष्य राखेको छ। सन् २०२० को डिसेम्बरमा नेपालले अद्यावधिकसहित दोस्रोपटक उक्त दस्तावेज सन् २०२१ देखि २०३० अवधिका लागि संयुक्त राष्ट्रसंघलाई बुझाएको छ। नेपालले अर्को अद्यावधिक दस्तावेज सन् २०२५ मा बुझाउँदैछ।

## नेपालको राष्ट्रिय निर्धारित योगदान दस्तावेजमा के छ ?

***न्यूनीकरण र अनुकूलन लक्ष्यहरू***

पेरिस सम्झौताअनुरूप नेपालको राष्ट्रिय निर्धारित योगदानमा दुवै न्यूनीकरण र अनुकूलनसम्बन्धी लक्ष्यहरू समावेश छन्। अनुकूलन लक्ष्यहरूले मुख्यतः कृषि र जलवायु सिर्जित प्रकोपहरूलाई समेटेको छ भने न्यूनीकरण लक्ष्यहरूले उर्जा र पारवाहन क्षेत्रहरूबाट हुने हरितगृह ग्याँस उत्सर्जन घटाउनेमा जोड दिएको छ। सरसर्ती हेर्दा दस्तावेजले न्यूनीकरण पक्षलाई बढी जोड दिएको पाइन्छ। कूल ८ विषयगत क्षेत्र र ४ अन्तरविषयक क्षेत्रलाई समेटेको अनुकूलन कार्यहरू र तिनीहरूको कार्यान्वयन हाल बन्दै गरेको राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan-NAP) अनुरूप हुनेछ। (लक्ष्यहरूबारे जान्न "नेपालको राष्ट्रिय निर्धारित योगदान र आदिवासी सरोकार म्याट्रिक्स" हेर्नुहोस्) ।

न्यूनीकरण तथा अनुकूलन लक्ष्यहरू सन् २०२१ देखि २०३० सम्ममा हासिल गर्ने उल्लेख गरिएको छ।



कार्यान्वयन योजना उल्लेखित लक्ष्यहरू प्राप्त गर्न एक विस्तृत कार्यान्वयन खाका/मार्गचित्र बनाइने जनाइएको छ। कार्यान्वयनका मुख्य अवयवहरूमा शासकीय प्रणाली, वित्त, आर्थिक कार्यकुशलता र लागत प्रभाविकारिता, समता र समावेशिता, र अनुगमन, प्रतिवेदन र प्रमाणीकरण छन्। न्यूनीकरण लक्ष्यका हकमा वित्तीय स्रोतको प्रकृति सशर्त (बाह्य सहयोगमा निर्भर) र निःशर्त (आन्तरिक स्रोत परिचालनमार्फत्) गरी दुई प्रकारका छन्। त्यस्तै कार्यान्वयन खाकाका अवयवहरूअन्तर्गत सरकारी निकायहरूको क्षमता विकास, ज्ञान व्यवस्थापन, स्थानीय, प्रान्तीय र संघीय सरकारका राष्ट्रिय निर्धारित योगदानसम्बन्धी संस्थागत संयन्त्र, सरकार र सरोकारवालाहरूबीच संचार तथा समन्वय, वित्तीय सहयोग तथा लगानी खाकाको विकास, र समावेशी निर्णय प्रक्रिया औजारको विकास प्रस्तुत गरिएको छ।

नीतिगत विश्लेषण अपुरो दस्तावेज, अन्यौलको अवस्था पेरिस सम्झौताअनुसार राष्ट्रिय निर्धारित योगदान दस्तावेजमा सामान्यतः प्रत्येक मुलुकले आफूले गर्ने योगदानहरू र ती योगदानहरू कसरी प्राप्त हुन्छन् भन्ने योजना हुन्छ। नेपालको राष्ट्रिय निर्धारित योगदानमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन लक्ष्यहरू प्रस्तुत गरिएपनि ती लक्ष्यहरू कसरी हासिल गर्ने भन्ने ठोस कार्यक्रम र रणनीतिहरू त्यसमा उल्लेख छैन। यसले गर्दा ती लक्ष्यहरू महत्वकांक्षामा मात्र सीमित हुने हो कि भन्ने आशंका उब्जने अवस्था छ। अझ, भोलि गएर बन्ने कार्यक्रमहरूले आदिवासी जनजातिका भूमि र स्रोतसाधनप्रतिको अधिकार हनन् गर्ने वा विद्यमान अधिकार पनि झनै खुम्चाई जलवायु परिवर्तनविरुद्धका कार्यले हित गर्ने भन्दा पनि भएको अधिकार पनि गुमाउनुपर्ने अवस्था त कतै सृजना हुँदैन भन्ने जोखिम पनि उत्तिकै छ। अनुकूलन कार्यक्रमहरू राष्ट्रिय अनुकूलन योजनामा समावेश हुने र सो योजनाद्वारा निर्देशित हुने अवस्थामा आदिवासी जनजातिसँग सम्बन्धित गैर-आर्थिक हानी र नोक्सान एक मुख्य सरोकारको विषय हो। गैर-आर्थिक हानी र नोक्सानसम्बन्धी कस्ता प्रावधानहरू बन्ने हुन् सो पनि अस्पष्ट छ।

दस्तावेजमा लैंगिक समानता र सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion) कार्ययोजना तयार गर्ने उल्लेख भएपनि विगतको कतिपय अनुभवको आधारमा र यस दस्तावेजमा कार्ययोजनाको ठोस खाका प्रस्तुत नभइसकेको अवस्थामा भोलि व्यवहारित धरातलमा आदिवासी जनजातिको अधिकारको अवस्था नेपालको जलवायु कार्यहरूमा के हुने भन्ने अहिले नै यकिन गर्न कठिन छ। अर्थात् दस्तावेज कार्यान्वयनमा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिता, पहुँच, लाभको समतामूलक वितरणलगायत अधिकारहरूजन्य सवालहरू अनुत्तरित छन्।

पेरिस सम्झौताको कसीमा नेपालको राष्ट्रिय निर्धारित योगदान दस्तावेज पेरिस सम्झौताको प्रस्तावनामा प्रष्ट रूपमा भएको छ कि पक्ष राष्ट्रले जलवायु परिवर्तन सम्बोधन गर्न कार्यहरू गर्दा, उसले, अन्य समूहहरूको अलावा, आदिवासी जनजातिका अधिकारसम्बन्धी लिएको दायित्वको सम्मान, प्रबर्द्धन र मनन गर्नुपर्दछ। त्यस्तै सम्झौताअनुसार पक्ष राष्ट्रले आदिवासी जनजाति र स्थानीय समुदायका जलवायु परिवर्तन सम्बोधनसम्बन्धी ज्ञान, प्रविधि, अभ्यास र प्रयासहरूलाई सबलीकृत गर्नुपर्ने आवश्कतालाई मान्यता दिनुपर्नेछ (निर्णय, गैर-पक्ष सरोकारवाला, अनुच्छेद १३५)। सम्झौतमा गैरकार्बन लाभको महत्वबारे पनि उल्लेख गरेको छ (धारा ५, अनुच्छेद २), साथै अनुकूलन कार्यहरू उपयुक्तताको आधारमा

"परम्परागत ज्ञान, आदिवासी जनजातिको ज्ञान र स्थानीय ज्ञान प्रणाली" समेतमा आधारित र सोद्वारा मार्गदर्शित हुनुपर्नेछ भनी जनाइएको छ (धारा ७, अनुच्छेद ५)। यसरी हेर्दा, नेपालको राष्ट्रिय निर्धारित योगदानका लक्ष्यहरू, अथवा कम्तिमा सूचकहरूमा कतै न कतै सम्झौताका यी प्रावधानहरू झल्केको अवस्था हुनुपर्थ्यो, जुन भएको छैन। योगदान दस्तावेज कार्यान्वयनको अवयवमा परामर्श, समावेशीकरणको कुरा उल्लेख गरिएपनि ती अत्यन्तै सामान्य र सतही छन्।

राष्ट्रिय नीतिसँगको सामाञ्जस्यता नेपालले जलवायु व्यवस्थापनसम्बन्धी विभिन्न नीति तथा रणनीतिहरू कार्यान्वयनमा ल्याएको छ। तीमध्ये राष्ट्रिय अनुकूलन कार्यक्रम,२०६५, स्थानीय अनुकूलन कार्ययोजना, २०६७, राष्ट्रिय रेडप्लस रणनीति, २०७५ र जलवायु परिवर्तन नीति, २०६७ आदि छन्। त्यस्तै, राष्ट्रिय अनुकूलन कार्यक्रम (जसमा राष्ट्रिय निर्धारित योगदान अनुकूलन कार्यलाई समेटिनेछ) अझै निर्माणको क्रममा छ। यी अलावा वनक्षेत्र रणनीति (सन् २०१६-२०२५), राष्ट्रिय वातावरण नीति २०७६, विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) र राष्ट्रिय आवधिक योजनाहरू पनि जलवायु कार्यहरूसँग सम्बन्धित प्रमुख नीतिगत दस्तावेजहरू हुन्।

> **नेपालको राष्ट्रिय निर्धारित योगदानमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन लक्ष्यहरू प्रस्तुत गरिएपनि ती लक्ष्यहरू कसरी हासिल गर्ने भन्ने ठोस कार्यक्रम र रणनीतिहरू त्यसमा उल्लेख छैन। कार्यक्रमहरू नहुँदा आदिवासी जनजातिका अधिकारजन्य सलावहरू अनुरत्तरित छन्। साथै दस्तावेजका लक्ष्यहरूले आदिवासी जनजातिसम्बन्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिगत प्रावधानहरू खासै प्रतिविम्वित गर्दैन।**

पछिल्लो वर्षहरूमा "जलवायु परिवर्तन व्यवस्थापनको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय आयामहरूमा आएको परिवर्तनहरू" लाई मध्यनजर गर्दै राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ल्याइएको छ। आगामी दिनमा नेपालको जलवायु परिवर्तनसम्बन्धी न्यूनीकरण एवं अनुकूलन कार्यहरूलाई नीतिगत मार्गदर्शन दिने यो एक मूख्य दस्तावेज हो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूअनुसार जलवायुसम्बन्धी कार्यक्रम तथा परियोजनाहरू तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने भनी पनि नीतिमा उल्लेख छ।

यस नीतिले कृषिमा आधारित अनुकूलन कार्यक्रमहरू विपन्न, सीमान्तीकृत, भुमिहीन, आदिवासी जनजाति, महिला र अपांगता भएका व्यक्तिहरूलाई लक्षित गरेर ल्याइने, साथै जलवायु परिवर्तन मैत्री कृषि प्रणालीसम्बन्धी परम्परागत ज्ञान, सीप तथा अभ्यासहरू एवं नवीन प्रविधिको अभिलेखन, प्रबर्द्धन तथा विस्तार गरिने उल्लेख छ (खण्ड ८.१)। त्यस्तै नीतिमा पारिस्थितिकीय प्रणाली सेवाको लागि भुक्तानी (Payment for Ecosystem Services)) को विकास र विस्तार गर्ने उल्लेख छ (खण्ड ८.२) जुन आदिवासी जनजातिको लागि महत्वपूर्ण विषय हो। यस नीतिल आदिवासी जनजाति लगायत अन्य समुहरूको जलवायु परिवर्तनसम्बन्धी सवालहरू सम्बोधन गरिने, स्थानीय ज्ञान, सीप तथा प्रविधिअनुरूप अनुकूलनका उपायहरू अवलम्बन गरिने, साथै जलवायु-उत्थानशील जिविकोपार्जन कार्यक्रमहरू जलवायु परिवर्तनको जोखिममा रहेका समुदायहरूकाले लागि सञ्चालन गरिने उल्लेख गरेको छ (खण्ड ८.९)।

समग्रमा राष्ट्रिय निर्धारित योगदान लक्ष्यहरूले यी नीतिगत व्यवस्थाहरू स्पष्ट रूपमा प्रतिबिम्बित गर्दैन। यी नीतिगत अवधारणाहरूका साथै अन्य सम्बन्धित नीतिहरूले आदिवासी जनजातिका हकहितबारे व्यवस्था गरेका प्रावधानहरूबाट विमुख नभई नेपालको राष्ट्रिय निर्धारित योगदानका कार्यक्रमहरू आउनु जरूरी छ।

## राष्ट्रिय निर्धारित योगदान लक्ष्यहरू र आदिवासी सरोकार म्याटिक्स

| क्षेत्र | लक्ष्य | आदिवासी सरोकार |
|---|---|---|
| **न्यूनीकरण सम्बन्धित** | | |
| ऊर्जा | **ऊर्जा उत्पादन**<br>सन् २०३० सम्ममा करिब १,४०० देखि १५,००० मेगावाट स्वच्छ ऊर्जा उत्पादन गर्ने। सन् २०३० सम्ममा कूल उर्जा मागको १५% स्वच्छ उर्जा क्षेत्रबाट आपूर्ति गर्ने।<br>**पारवहन**<br>सन् २०२५ सम्ममा विद्युतीय सवारी साधनहरूको बिक्री समस्त निजी सवारी साधनहरूको बिक्रीको २५% र समस्त सार्वजनिक सवारी साधनहरूको बिक्रीको २०% पुऱ्याउने। यसले समग्रमा उत्सर्जन ८% ले घटाउनेछ।<br>सन् २०३० सम्ममा २०० कि.मि. लामो विद्युतीय रेल सञ्जाल निर्माण गर्ने।<br>**आवासीय इन्धन र बायोग्याँस**<br>सन् २०३० सम्ममा २५% घरधुरीले खाना पकाउने मुख्य साधनको रूपमा विद्युतीय चुल्होको प्रयोग गर्ने सुनिश्चित गर्ने। सन् २०२५ सम्ममा ५००,००० सुधारिएको चुल्हो (विशेषगरी ग्रामीण क्षेत्रमा) र २००,००० घरायसी बायोग्याँस प्लान्ट र ५०० ठूलो स्केलको संस्थागत बायोग्याँस प्लान्ट जडान गर्ने। यो सबैले उत्सर्जन २३% ले कटौती गर्नेछ। | कतिपय नवीकरणीय उर्जा उत्पादन परियोजना (जस्तै जलविद्युत आयोजना), सडक तथा रेलवे निर्माण आयोजनाहरूको सञ्चालन आदिवासी भूमि र क्षेत्रमा हुने गर्छन्। त्यस्तो अवस्थामा उनीहरूको आफ्नो भूमि र अन्य प्राकृतिक स्रोतसाधनहरूप्रतिको अधिकार कसरी सुरक्षित गर्ने, परियोजना पूर्व/दौरानमा उनीहरूसँग स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी कसरी लिने, परियोजना संचालनार्थ आदिवासी भूमि र क्षेत्र अधिग्रहण गर्नै परे कस्तो प्रक्रिया, व्यवस्था र गुनासो सुनुवाई संयन्त्र के कस्तो हुने, परियोजनाको निर्णय प्रक्रियामा उनीहरूको के कस्तो भूमिका हुने, परियोजनाबाट प्राप्त ऊर्जा तथा अन्य लाभको न्यायोचित पहुँच कसरी कायम गर्ने जस्ता महत्वपूर्ण पक्षहरू अनुत्तरित छ। यस्तो अवस्थामा आदिवासी जनजाति योजना (Indigenous Peoples Plan-IPP) अपरिहार्य हुन आउँछ, जसबारे दस्तावेज मौन छ। आधारभूत रूपमा भन्नुपर्दा, आदिवासी जनजातिलाई प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने प्रत्येक कार्यक्रम आदिवासी जनजाति योजना/आदिवासी जनजाति योजना खाकाको आवश्यकतासम्बन्धी प्रावधान अब बन्ने विस्तृत दस्तावेजमा आउन जरूरी छ। |

| | | |
|---|---|---|
| **कृषि, वन तथा अन्य भूमिको प्रयोग** | सन् २०३० सम्ममा देशको कूल क्षेत्रफलको ४५% भागमा वनजंगल कायम राख्ने । सन् २०३० सम्ममा तराईका र भित्री तराईको २५% र ५०% मध्ये पहाड र हिमालको वनको दीगो व्यवस्थापन गर्ने । | वनको क्षेत्रफल बढाउने नाममा आदिवासी जनजातिले प्रथाजनित कानुन र परम्पराको आधारमा सदियौंदेखि भोगचलन र व्यवस्थापन गर्दै आएको भूमि, क्षेत्र र वनलाई सरकारी व्यवस्थापनमा ल्याइने खतरा रहिरहन्छ। दीगो वन व्यवस्थानका सन्दर्भमा आदिवासी जनजातिका परम्परागत अभ्यास, ज्ञान सीपलाई कसरी मान्यता दिने, कसरी ग्रहण गर्ने र त्यस्ता ऐतिहासिक योगदानलाई कसरी आर्थिक रूपमा प्रोत्साहित गर्ने भन्नेबारे, पारिस्थितिकीय सेवाको भुक्तानीबारे विवरण उल्लेख हुनुपर्छ। |
| **फोहोर व्यवस्थापन** | सन् २०२५ सम्ममा, दैनिक ३८० लिटर फोहोरपानी शुद्धीकरण गर्ने र वार्षिक ६०,००० क्यूबिक मिटर फिकल स्लज व्यवस्थापन गर्ने । | जल शुद्धीकरण र फिकल स्लज व्यवस्थापन कार्यबाट आदिवासी जनजाति समुदायको भौतिक र/वा आर्थिक, सामाजिक, सांस्कृतिक र आध्यात्मिक सम्पदा र पद्दतिको विस्थापन हुने अवस्थामा उचित सुरक्षा नीति आवश्यक छ। |



| अनुकूलन सम्बन्धित | | |
|---|---|---|
| ८ विषयगत क्षेत्रहरू (कृषि तथा खाद्य सुरक्षा; वन, जैविक विविधता तथा जलाधार संरक्षण; जलस्रोत तथा ऊर्जा; ग्रामिण तथा शहरी बसोबास; उद्योग, यातायात, तथा भौतिक पूर्वाधार; पर्यटन, प्राकृतिक एवं सांस्कृतिक सम्पदा; स्वास्थ्य, खानेपानी तथा सरसफाई; र विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन)<br>४ अन्तरविषय क्षेत्रहरू (जेसी, जीविकोपार्जन र शासन; जनचेतना तथा क्षमता अभिबृद्धि; अनुसन्धान, प्रविधि विकास; र जलवायु वित्त व्यवस्थापन) | सन् २०३० सम्ममा, सबै ७५३ स्थानीय निकायले जलवायु उत्थानशील तथा लैंगिक उत्तरदायी अनुकूलन योजनाहरू बनाउने र कार्यान्वयन गर्ने ।<br><br>राष्ट्रिय अनुकूलन योजनालाई प्रत्येक १० वर्षमा अद्यावधिक गरिने । राष्ट्रियस्तरको संकटासन्नता र जोखिक मूल्याङ्कन प्रत्येक पाँच वर्षमा सम्पन्न गरिने ।<br>सन् २०२५ सम्ममा संस्थागत संयन्त्रहरूको स्थापना र/वा सञ्चालन गरिने ।<br>सन् २०२१ सम्ममा, लैंगिक समानता तथा सामाजिक समावेशीकरण एवं जलवायु परिवर्तन रणनीति र कार्ययोजना, तर्जुमा गरिने ।<br>सन् २०२५ सम्ममा, लैंगिक उत्तरदायी जलवायु उत्थाशील प्रविधिहरू र अभ्यासहरूबारे रणनीति एवं योजना तयार र कार्यान्वयन गरिने ।<br>सन् २०२५ सम्ममा, सम्पूर्ण माध्यमिक विद्यालयहरूमा जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गरिने र २,००० स्रोत व्यक्तिहरू स्थानीय स्तरमा परिचालित गरिने ।<br>सन् २०२५ सम्ममा विद्यमान निगरानी प्रणालीहरूसँग जलवायु तथा मौसमसम्बन्धी संचना समायोजन गरी जलवायु संवेदनशील रोग निगरानी प्रणालीहरूको सबलीकरण गरिने ।<br>सन् २०३० सम्ममा, आधारभूत जल आपूर्तिमा पहुँच भएको जनसंख्या ९९% र सुध्रित जल आपूर्तिमा पहुँच भएको जनसंख्या ४०% पुऱ्याइने । | अनुकूलन योजना तथा कार्यक्रमहरू लैंगिक उत्तरदायी मात्र होइन, सामाजिक समावेशीकरण-उत्तरदायी पनि हुनु जरूरी छ। योजना निर्माण र कार्यान्वयनमा आदिवासी जनजातिको पूर्ण एवं प्रभावकारी सहभागिताको संयन्त्र विकास गरिनुपर्छ ।<br>स्थानीय, प्रान्तीय तथा संघीय संथागत संयन्त्र तथा शासकीय संरचनाहरू समावेशी एवं पारदर्शी हुन जरूरी देखिन्छ । लैंगिक समानता र सामाजिक समावेशीकरण भनिए पनि समग्र ध्यान लैंगिक समानतामा मात्रै दिइएको पाइन्छ। नीतिमा सामाजिक समावेशीकरणको पक्षलाई पनि उत्तिकै महत्व दिन आवश्यक छ।<br>जलवायु परिवर्तन अनुकूलन योजना, रणनीति आदि बनाउँदा आदिवासी जनजातिका ज्ञान, सीप, अभ्यास र प्रविधिलाई पनि ध्यान दिई तिनीहरूलाई सरकारी नीति निर्माण, कार्यक्रम तर्जुमा प्रक्रियामा समायोजन गरिनुपर्दछ ।<br>विद्यालय तहमा जलवायु परिवर्तनसम्बन्धी पाठ्यक्रम समावेश गर्दा वैज्ञानिक, सैद्वान्तिक शिक्षालाई मात्रै जोड नदिई, स्थानीय स्तरमा सदियौंदेखि प्रचलित परम्परागत आदिवासी ज्ञान, सीप, अभ्यास र प्रविधिलाई पनि उत्तिकै महत्व दिन जरूरी छ। शिक्षण सामाग्री र माध्यम स्थानीय आदिवासी जनजातिका भाषामा हुन त्यत्तिकै आवश्यक छ।<br>आदिवासी क्षेत्रमा वा आदिवासीलाई प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्ने अनुकूलन परियोजनामा आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी लिनै पर्ने प्रावधान जरूरी छ। |

## निष्कर्ष

नेपालको राष्ट्रिय निर्धारित योगदान दस्तावेजमा उल्लेखित लक्ष्यहरू तथा सूचकहरू हेर्दा यो दस्तावेज फेरि पनि अधिकारमा आधारित पद्धतिलाई भन्दा जलवायु परिवर्तनको जैविक/भौतिक समाधानतर्फ एकदमै बढी उद्यत् देखिन्छ। बनिबनाउ खाकामा लेखन कार्य गरिएको यस दस्तावेजमा आदिवासी जनजातिबारे

अमूर्तरूपमा केही स्थानमा उल्लेख भएपनि ठोस कार्यक्रम र कार्यान्वयन योजना दस्तावेजमा समावेश नहुँदा, नेपालको राष्ट्रिय जलवायु कार्यहरू आदिवासी जनजाति-मैत्री कतिको हुने हुन्, त्यो प्रष्ट छैन ।

समता, समानता, समावेशिता, सहभागिता आदि पदावलीहरू सुन्दा रमाइलो लाग्न सक्छ। यस्ता शब्दहरूलाई विकास दस्तावेजको सुन्दरता बढाउनका लागि मात्र प्रयोग गर्ने होइन कि असल नियतकासाथ वास्तविकतामा तिनीहरूको लागू हुनु जरूरी छ। आदिवासी जनजातिका सरोकारहरू सम्बोधन नगरी र उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित नगरी पेरिस सम्झौताका लक्ष्यहरू हासिल हुन सक्दैन भन्ने मान्यताले विश्वभरी नै महत्त्व पाउने क्रम आज बढ्दो छ। आदिवासी जनजाति भूमि तथा वनजंगललगायत प्राकृतिक स्रोतसाधनहरूको एक अत्यन्तै महत्वपूर्ण रेखदेखकर्ताको रूपमा रहेको तथ्य पनि अब नौलो रहेन प्राकृतिक स्रोतसाधनहरूको जगेर्ना र प्रथाजनित अभ्यासअनुरूपको दिगो व्यवस्थापनमा उनीहरूको अहं भूमिका हुन्छ। तर पनि उनीहरूको भूमिका र योगदानलाई राष्ट्रिय निर्धारित योगदानमा उचित स्थान दिइएको पाइँदैन। नेपालको हकमा पनि यो कुराको झल्को पाइन्छ। पेरिस सम्झौताका लक्ष्यहरूलाई वास्तवमै हासिल गर्ने हो भने यस्तो अवस्थामा आमूल परिवर्तन आउनु जरूरी छ। कार्यक्रमहरू तर्जुमा गर्दा आदिवासी जनजाति योजनालाई एक अभिन्न अवयवको रूपमा स्थान दिइनुपर्छ। आदिवासी जनजाति आफ्नो भूमिको अधिकारवाला पनि हुन्।

जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनमा आदिवासी जनजातिको मूलप्रवाहीकरणले पेरिस सम्झौताका लक्ष्यहरूको प्राप्ति मात्रै होइन, यसले “कसैलाई पनि पछाडि नछाडौं” (leave no one behind) भन्ने मूल मन्त्रमा सूत्रबद्ध दीगो विकास लक्ष्यहरू हासिल गर्न पनि मद्दत गर्दछ। अझ नेपालको मामलामा त यो झनै सान्दर्भिक हुन आउँछ। नेपालले अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ (ILO C 169) अनुमोदन र आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (United Nations Declation on the Rights of Indigenous Peoples (UNDRIP) को पक्षमा हस्ताक्षर गरिसकेको छ। गत नोभेम्बरमा संयुक्त राष्ट्रसंघले नेपाललाई सन् २०२६ को डिसेम्बरसम्ममा अति कम विकसित राष्ट्रको सूचीबाट मध्य-आय राष्ट्रमा पदोन्नति गर्ने प्रस्ताव अनुमोदन गर्‍यो। विश्वव्यापी रूपमा एक गम्भीर समस्याको रूपमा रहेको जलवायु परिवर्तनविरूद्धको कार्यहरूमा आदिवासी जनजातिलाई मूलधारमा ल्याउन सके नेपालको यस ५ वर्षको संक्रमणकाल पनि अझ सहज हुनेछ।

समग्रमा, दस्तावेज अपूरो र आदिवासी जनजाती सरोकारहरूलाई स्थान अपर्याप्त रहेको देखिन्छ।

## सुझावहरू

***सरकारको लागि***

माथि भनिएजस्तै नेपालले हालै संयुक्त राष्ट्रसंघलाई बुझाएको राष्ट्रिय निर्धारित योगदान दस्तावेज अपुरो छ। त्यसमा महत्वकांक्षी लक्ष्यहरू राखिएका छन् तर तिनीहरूलाई हासिल गर्ने ठोस कार्यक्रमहरू केही पनि उल्लेख छैन। राष्ट्रिय अनुकूलन योजना पनि बन्ने क्रममा नै छ। आदिवासी जनजाति र स्थानीय समुदायको सवाललाई नजरअन्दाज गरेर पेरिस सम्झौताका लक्ष्यहरू हासिल गर्न सकिँदैन



भन्ने कुरा विश्वभरी नै महसुस गरिएको यथार्थ हो। यसकारण भोलिको दिनमा राष्ट्रिय निर्धारित योगदान कार्यक्रमहरू प्रस्ताव गर्दा र त्यसको कार्यान्वयन योजना विकास गर्दा, आदिवासी जनजातिको दृष्टिकोणबाट निम्न कुराहरूमा नेपाल सरकारको ध्यान जान जरूरी छ।

## समावेशी शासकीय प्रणाली

सरकारले अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरीको कार्यान्वयन गर्नुपर्दछ। यसअन्तर्गत आदिवासी जनजातिलाई उनीहरूको भूमि, आर्थिक, सामाजिक, सांस्कृतिक र आध्यात्मिक जीवन पद्धति र बसोबास क्षेत्रलाई प्रभावित गर्ने निर्णय प्रक्रियामा उनीहरूसँगको पूर्ण परामर्श, सहभागिता र मञ्जुरीको सुनिश्चित गर्दछ। यसो गर्नाले प्रस्तावित राष्ट्रिय निर्धारित योगदानका लक्ष्यहरू हासिल गर्ने नाममा/क्रममा आदिवासी जनजातिका भूमि कृषिलगायत अन्य व्यापारिक प्रयोजनका लागि सम्भावित रूपमा मिचिनुबाट जोगिन्छ। जलवायु कार्यहरूबाट आदिवासी जनजातिको अधिकार सुरक्षित गर्न सरकारले ठोस सुरक्षा नीति आदिवासी जनजातिको सहभागितामा तर्जुमा र कार्यान्वयन गनुपर्दछ। जलवायु कार्यक्रमहरू प्रत्येक तह र प्रक्रियामा आदवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गरिनुपर्दछ।

## कानूनी सुधार

नेपाल सरकार जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिको एक पक्ष राष्ट्रको रूपमा त्यस महासन्धिअन्तर्गतका सम्झौताहरूप्रति प्रबिद्धता जनाउँदै आएको छ। विशेषतः क्यानकून सम्झौता, पेरिस सम्झौताले आदिवासी जनजातिका भूमिका र योगदानलाई महत्त्व र मान्यता दिइसकेको अवस्था छ। त्यस अलावा, अन्य महत्वपूर्ण अन्तर्राष्ट्रिय कानूनी उपकरणहरू जस्तै अन्तर्राष्ट्रिय श्रम संगठन

महासन्धि १६९ र आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र आदि अनुरूप सम्बन्धित राष्ट्रिय कानून तथा नीतिहरूलाई आदिवासी जनजाति-मैत्री बनाउन जरूरी छ। नेपालको संविधानले नै समावेशी, समतामूलक चरित्रको राज्यको परिकल्पना गरेको छ। सरकारका कतिपय नीति र रणनीतिहरू जस्तै राष्ट्रिय जलवायु नीति २०७६, राष्ट्रिय रेडप्लस रणनीति, २०७५ आदिमा आदिवासी जनजातिका सवालहरू केही हदसम्म सम्बोधन भएपनि सो अनुरूपका कार्यक्रमहरू तर्जुमा गर्न चुकेको देखिन्छ। त्यस्तै अन्य समुदायहरूभन्दा आदिवासीहरूको पृथक पहिचान र योगदानलाई स्वीकार गरी स्वयं संयुक्त राष्ट्रसंघले जलवायु परिवर्तन खाका महासन्धिअन्तर्गत स्थानीय समुदाय तथा आदिवासी जनजाति प्लेटफर्म (Local Community and Indigenous Peoples Platform – LCIPP) कार्यान्वयनमा ल्याइसकेको अवस्थामा नेपालका कतिपय जलवायु रणनीति, योजना र कार्ययोजनाहरूमा आदिवासी जनजातिको ठाउँमा सीमान्तकृत समूह, संकटासन्न वा जोखिममा रहेको समूह लेखिनु आफैमा अनुचित र भ्रमपूर्ण छ।

> **“दस्तावेज फेरि पनि अधिकारमा आधारित पद्धतिलाई भन्दा जलवायु परिवर्तनको जैविक/भौतिक समाधानतर्फ एकदमै बढी उद्यत् देखिन्छ, जबकि जलवायु परिवर्तन र सोसँग सम्बन्धित कार्यहरू वातावरणीय संरक्षणको मुद्दा मात्र नभई आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको मुद्दा पनि हो।**

यस्ता खालका विरोधाभासहरूको अन्त्य गरी राष्ट्रियस्तरमा कानूनी तथा नीतिगत एकरूपता ल्याउन जरूरी छ। र सोहीअनुसार राष्ट्रिय निर्धारित योगदान दस्तावेजमा सबल सुरक्षा नीतिहरूको विकास तथा कार्यान्वय गर्न राज्यले ध्यान दिन जरूरी छ।

## पूर्ण र प्रभावकारी सहभागिता

सरकारले राष्ट्रिय निर्धारित योगदान दस्तावेज निर्माण गर्दा होस् वा अद्यावधिक गर्दा होस्, वा कार्यान्वयन योजना निर्माण गर्दा होस्, आदिवासी महिला र युवालगायत आदिवासी जनजातिलाई उनीहरूका प्रतिनिधिमूलक संस्थामार्फत् प्रक्रियामा पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गराउनुपर्दछ। त्यसको लागि आवश्यक संयन्त्र, क्षमता अभिबृद्धि कार्यक्रम एवं सूचना सम्प्रेषण प्रणाली आदिको विकास र कार्यान्वयन गरिनुपर्छ। अझ राष्ट्रिय निर्धारित योगदानका कार्यक्रमहरूका प्रत्येक चरणमा आदिवासी जनजातिको प्रभावकारी भूमिका र सहभागिता सुनिश्चित गर्न लैंगिक समानता र सामाजिक समावेशीकरणको नीति समावेश गर्न जरूरी छ।




## परम्परागत ज्ञान, सीपको समायोजन

आदवासी जनजातिका अनुकूलनसम्बन्धी परम्परागत ज्ञान, सीप, अभ्यास र प्रविधिलाई आधुनिक विज्ञानका पद्धतिहरूसँग कसरी समायोजित गरिन्छ भन्नेबारे प्रष्ट योजना आवश्यक छ। यो विना कार्यक्रमको दीगोपन र स्थानीय स्वामित्व हासिल गर्न कठिन हुनेछ। त्यस्तै आदिवासी सम्पदा संरक्षण, कलाकृति र बस्तुहरूको संरक्षण तथा बजार प्रबर्द्धनसम्बन्धी ठोस कार्यक्रम समावेश गरिनुपर्दछ। यस्ता ज्ञान, सीप र प्रथाजनित अभ्यासको अभिलेखीकरण साथै तिनीहरूलाई औपचारिक तथा अनौपचारिक शिक्षा प्रणालीसँग जोड्नेबारे ठोस कार्यक्रम जरूरी छ।

## क्षमता अभिबृद्धि

दस्तावेजमा भनिए जसरी जलावायु कार्यहरूमा सरकारी निकायको क्षमता अभिबृद्धि मात्र होइन, आदिवासी जनजातिको प्रभावकारी रूपमा सहभागिताका निम्ति आदिवासी प्रतिनिधिहरू र नेताहरूको नेतृत्व विकास, प्रविधि प्रयोग एवं वित्तीय पहुँचबारे क्षमता विकासका कार्यक्रम समावेश गरिनुपर्छ। साथै, जलवायु न्यूनीकरण र अनुकूलनसम्बन्धी आदिवसी विश्व दृष्टिकोण, ज्ञान प्रणाली, जीवन प्रणाली, विद्यमान प्रथाजनित् अभ्यासहरू जस्ता विषयहरू आन्तरिकीकरण गर्न सरकारी एवं अन्य गैरआदिवासी सरोकारवालाका लागि पनि सोबारे अभिमुखीकरण कार्यक्रम समावेश गरिनुपर्दछ।

## कार्यक्रम प्राथमिकीकरण

जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यक्रमहरू पहिचान गर्दा आदिवासी जनजातिका न्यूनीकरण र अनुकूलन अभ्यासहरूलाई छुट्टै बजेट संकेतअन्तर्गत राखिनुपर्दछ। त्यस्तै यस्ता प्रयास, अभ्यासहरूबाट

भएको योगदानलाई पारिस्थितिकीय प्रणाली सेवाको लागि भुक्तानी प्रदान गर्ने संयन्त्रको विकास गरिनुपर्दछ। आदवासी जनजातिका लागि जीविकोपार्जनसम्बन्धी कार्यक्रम समावेश गरिनुपर्दछ।

## आदिवासी जनजाति समुदायका लागि

***नेतृत्व विकास***

आदिवासी जनजाति प्रतिनिधिमूलक संस्थाहरूले आदिवासी जनजाति समुदायमा जलवायु परिवर्तनसम्बन्धी नीति तथा कार्यक्रमहरूमा आफ्नो अधिकार स्थापित गर्न समुदायको नेतृत्व विकासका जोड दिनुपर्नेछ। यसको लागि उक्त विषयसँग सम्बन्धित सूचनाहरू समुदायका सदस्यहरूले बुझ्ने भाषा र फर्म्याटमा प्रवाह गर्ने, उनीहरूको जनवकालत/संचार सीप तथा सरकारलगायत विभिन्न सरोकारवालाहरूसँग समन्वय एवं सहकार्य गर्नसक्ने क्षमताको विकास गर्ने आदि कार्यहरू संचालन गर्नुपर्दछ।

## आदिवासी विज्ञान, विश्व-दृष्टिकोण, ज्ञान, र अभ्यासको अभिलेखीकरण

आदिवासी जनजातिको विशिष्ट खालको बिज्ञान र विश्व-दृष्टिकोणको अभिलेखीकरण र प्रसारको जरुरत छ। आदिवासी जनजातिले जलवायु परिवर्तन न्यूनीकरण एवं अनुकूलनसम्बन्धी परम्परागत ज्ञान, सीत र अभ्यासहरूको, साथै आफ्नो आर्थिक, सामाजिक एवं सांस्कृतिक संकटासन्नताको उचित अभिलेखीकरण गरी/गराई आफ्नो मुद्दालाई मजुतब गर्ने तर्फ कार्य गर्नु जरूरी छ। यसले स्थानीय प्रमाणहरूको निर्माण गरी विशिष्ट खालको विज्ञान, दृष्टिकोण र सरोकार/मुद्दाहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको छलफल एवं योजना/कार्यक्रम निर्माण प्रक्रियाको मूलप्रवाहमा ल्याउन थप बल प्रदान गर्दछ।

राष्ट्रिय निर्धारित योगदानमा सन् २०३० सम्ममा लैंगिक समानता र सामाजिक समावेशीकरणको कार्ययोजना निर्माण गरी राष्ट्रिय निर्धारित योगदानमा समायोजन गर्ने कुरा उल्लेख छ। तर कतिपय लक्ष्यहरू सो समयसीमा अगावै हासिल गर्ने कुरा दस्तावेजमा उल्लेख भएको हुँदा सो कार्ययोजना कार्यक्रम कार्यान्वयन अगावै बनाइनुपर्नेतर्फ आदिवासी जनजातिले कार्य गर्नु जरूरी देखिन्छ। साथै यसरी बन्ने लैंगिक समानता तथा सामाजिक समावेशीकरणको कार्ययोजना अन्तर्राष्ट्रियरूपमा स्थापित मूल्य मान्यता अनुरूप हुनुपर्नेमा सचेत हुनु जरूरी छ। लैंगिक-विखण्डित तथ्यांकको अलावा आदिवासी जनजाति-विखण्डित तथ्यांकमा पनि जोड दिनुपर्ने देखिन्छ।

## अन्तर्राष्ट्रिय मापदण्ड परिपालनाबारे

राष्ट्रिय निर्धारित योगदानमा उल्लेखित न्यूनीकरण लक्ष्यहरूको प्रक्षेपित खर्चको ठूलो भाग अन्तर्राष्ट्रिय कोष तथा दातृ निकायहरू, जस्तै हरित जलवायु कोष, वैश्विक वातावरण कोष, अनुकूलन कोष आदिबाट जुटाउने योजनामा उल्लेख छ। कुनै पनि मुलुकले त्यस्ता सहयोग प्राप्त गर्न आदिवासी जनजातिका हित

तथा अधिकार संरक्षणसम्बन्धी पूर्वसर्तहरू पूरा गर्नुपर्ने हुन्छ। उदाहरणका लागि हरित जलवायु कोषद्धारा वित्त प्राप्त परियोजनाले कोषको आदिवासी जनजातिसम्बन्धी नीतिको पनि पालना गर्नुपर्ने हुन्छ। विश्व बैंकबाट वित्तीय सहयोग लिँदा आदिवासी सुरक्षा नीति निर्देशिका पालना गर्नुपर्नेहुन्छ। यस्ता अवस्थाहरूमा आदिवासी जनजाति नेतृत्वले सचेत भई, जलवायु परिवर्तनसम्बन्धी परियोजना विकास चरणमा रचनात्मक पृष्ठपोषण प्रदान गर्न र निरन्तर फलोअप गर्न आवश्यक छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरहरूमा भइरहेका जलवायु कार्यहरूसँग सम्बन्धित वार्ता, घटना विकासक्रमसँग अद्यावधिक भइरहने तथा राष्ट्रिय निर्धारित योगदान दस्तावेजको परिमार्जन तथा अद्यावधिक प्रक्रिया, राष्ट्रिय अनुकूलन योजना परामर्शमा जस्ता उचित बखतमा आफ्नो सहभागिता खोज्ने र धारणाहरू सशक्त रूपमा राख्न जरूरी छ।

आदिवासी संजाल सबलीकरण आदिवासी जनजाति नेतृत्वले आदिवासी जनजाति संस्थाहरूबीच उचित संचार एवं समन्वयको माध्यमबाट एक बृहद् एवं सशक्त राष्ट्रिय संजाल सुदृढीकरण गर्नेतर्फको कार्यलाई निरन्तरता दिनु जरूरी छ। आफ्नो संजाललाई जलवायु परिवर्तनसँग सम्बद्ध आदिवासी इतर क्षेत्रीय एवं वैश्विक संजालहरू तथा अन्तर्राष्ट्रिय मञ्चहरूसँग जोडि उनीहरूको सहयोग लिई आदवासी जनजाति-मैत्री जलवायु कार्यको सरकार र अन्य गैरआदिवासी सरोकारवालाहरूसँगको फलदायी सहकार्यको वातावरण निर्माणका साथै परिस्थितिले मागेबमोजिम आवश्यक राष्ट्रिय एवं अन्तर्राष्ट्रिय दवावसमेत सृजना गर्नु आवश्यक छ।

अन्तमा, जलवायु परिवर्तन र सोसँग सम्बन्धित कार्यहरू वातावरणीय मुद्दा मात्र नभई आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक मुद्दा पनि हो।

## सन्दर्भ-सामग्रीहरू

जनसंख्या तथा वातावरण मन्त्रालय, २०१६। राष्ट्रिय निर्धारित योगदान (अंग्रेजी भाषामा), जनसंख्या तथा वातावरण मन्त्रालय, नेपाल सरकार, काठमाडौं।

Retrieved from https://www4.unfccc.int/sites/ndcstaging/PublishedDocuments/Nepal%20First/Nepal%20First%20NDC.pdf

जनसंख्या तथा वातावरण मन्त्रालय, २०२०। दोस्रो राष्ट्रिय निर्धारित योगदान (अंग्रेजी भाषामा), जनसंख्या तथा वातावरण मन्त्रालय, नेपाल सरकार, काठमाडौं।

Retrieved from https://climate.mohp.gov.np/attachments/article/167/Second%20Nationally%20Determined%20Contribution%20(NDC)%20-%202020.pdf

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि, २०१६। पेरिस सम्झौता (अंग्रेजी भाषामा), महासन्धि सचिवालय, जेनेभा।

Retrieved from https://unfccc.int/sites/default/files/resource/parisagreement_publication.pdf

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि, २०२१ । पेरिस सम्झौताअन्तर्गत राष्ट्रिय निर्धारित योगदानहरूः संश्लेषण प्रतिवेदन (अंग्रेजी भाषामा), महासन्धि सचिवालय, जेनेभा ।

Retrieved from https://unfccc.int/sites/default/files/resource/cma2021_08E.pdf

वन तथा वातावरण मन्त्रालय, २०२१ । वन तथा वातावरणको क्षेत्रमा जलवायु परिवर्तन व्यवस्थापनका लागि योजना तर्जुमासम्बन्धी दिग्दर्शन, २०७७, नेपाल सरकार, काठमाडौं । Retrieved from https://www.mofe.gov.np/downloadfile/WASH_VRA%202021_1633913262.pdf

वन तथा वातावरण मन्त्रालय, २०२१ । राष्ट्रिय जलवायु नीति, २०७६ (अंग्रेजी भाषामा), वन तथा वातावरण मन्त्रालय, नेपाल सरकार, काठमाडौं ।

Retrieved from https://mofe.gov.np/downloadfile/climatechange_policy_english_1580984322.pdf

वन तथा वातावरण मन्त्रालय, २०२१ । संकटासन्नता तथा जोखिम मूल्यांकन र नेपालको वास क्षेत्रमा अनुकूलन विकल्पहरूको पहिचान (अंग्रेजी भाषामा), वन तथा वातावरण मन्त्रालय, नेपाल सरकार, काठमाडौं ।

Retrieved from https://www.mofe.gov.np/downloadfile/WASH_VRA%202021_1633913262.pdf

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, २०१४ । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिलाई दोस्रो राष्ट्रिय संचार (अंग्रेजी भाषामा), विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, नेपाल सरकार, काठमाडौं ।

Retrieved from https://unfccc.int/resource/docs/natc/nplnc2.pdf

वातावरण मन्त्रालय, २०१० । जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय अनुकूलन कार्ययोजना (अंग्रेजी भाषामा), वातावरण मन्त्रालय, नेपाल सरकार, काठमाडौं ।

Retrieved from https://unfccc.int/resource/docs/napa/npl01.pdf

वातावरण मन्त्रालय, २०११ । स्थानीय अनुकूलन कार्ययोजनासम्बन्धी राष्ट्रिय खाका (अंग्रेजी भाषामा) वातावरण मन्त्रालय, नेपाल सरकार, काठमाडौं । Retrieved from https://climate.mohp.gov.np/downloads/National_Framework_Local_Adaptation_Plan.pdf

विश्व वन्यजन्तु कोष, २०२१ । राष्ट्रिय निर्धारित योगदानमा आदिवासी योगदान : मान्यता वृद्धिले कसरी पेरिस सम्झौताका महत्वकांक्षालाई बढाउँछ र कार्यान्वयनलाई अगाडि बढाउँछ (अंग्रेजी भाषामा), विश्व वन्यजन्तु कोष ।

Retrieved from https://wwfint.awsassets.panda.org/downloads/wwf_policy_brief_indigenous_contributions_to_ndcs.pdf

अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ, २०१३ । नेपालमा पारिस्थितिकीय प्रणाली सेवाका लागि भुक्तानी : सम्भावना, अभ्यास र प्रक्रिया (अंग्रेजी भाषामा), संघ कार्यालय, ललितपुर ।

Retrieved from https://www.iucn.org/sites/dev/files/import/downloads/payment_for_ecosystem_services_in_nepal__prospect__practice_and_process.pdf